नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)
530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७७-७८/०७

# प्रेस विज्ञप्ती

नेपाल नगरपालिका संघको मिति २०७७ साउन ११ र १२ गते संघका अध्यक्ष तथा धुलिखेल नगरपालिकाका प्रमुख श्री अशोक ब्याञ्जुको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले सम्पूर्ण महानगर, उपमहानगर र नगरपालिकाहरुको नितीगत बहस, पैरवी तथा संस्थागत बृहत्तर हितकालागि २०५० सालमा गठित संघको छैठौं अधिवेसनबाट परिमार्जित विधान मिति २०७७ जेठ २२ गतेको मन्त्रि परिषद बैठकले पारित गरेकोमा सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदलाई हार्दिक धन्यवाद दिँदै निम्न बमोजिमका निर्णयहरु गरेको छ ।

- नेपाल नगरपालिका संघको रणनितीक योजना (२०७६-८०) बमोजिमका उद्देश्य र लक्ष प्राप्तीका लागि आ.ब. ०७७/७८ को नीति तथा कार्यक्रम र बजेट सर्वसम्मत रुपमा पारित गरियो र स्थानीय सरकारका संबैधानिक अधिकारको रक्षा गर्दै एकल र साझा अधिकारको कार्यान्वय गर्न सम्पूर्ण नगरपालिकाहरुलाई अझ सकृय सहयोग गर्ने निर्णय गरियो ।
- संघको विधानत नगरपालिकाका नगरप्रमुख र उपप्रमुखहरुका विज्ञता र रुचीका आधारमा हाल १२ वटा समितिहरु गठन गरि संघलाई अझ सकृय बनाउने निर्णय गरियो । १. शहरी गरिवी, सकुम्बासी तथा आर्थिक विकास २. शहरी पर्यावरण तथा सरसफाइ ३. विपद तथा संक्रमण व्यवस्थापन ४. बित्त व्यवस्थापन, लगानी तथा स्रोत परिचालन ५. स्थानीय मेलमिलाप र न्यायीक समिती ६. शहरी कृषि, वन र जलवायु ७. जलश्रोत र नवीकरणीय उर्जा ८.आधारभूत स्वास्थ, शिक्षा र दिगो बिकाश लक्ष्य ९. सस्कृति, सम्पदा र शहरी पर्यटन १०. स्मार्ट सिटि, सूचना र प्रविधी ११. योजना, पुर्वाधार, तथा शहरी यातायात १२. मेट्रो-सिटी ब्यवस्थापन
- नेपाल नगरपालिका संघले हरेक बर्ष झैं विभिन्न सुचकहरुका आधारमा आ.ब. २०७५/७६ को उत्कृष्ठ नगरपालिका पुरस्कार (Municipal Excellence Award) विज्ञ समुहहरुको सिफरिसमा सहभागि नगरपालिकाहरु मध्ये तपशिलका तिन वटा विधामा उत्कृष्ठ नगरपालिका पुरस्कार प्रदान गरियो ।
  - ✓ श्रोत परिचालन र वित्तिय व्यवस्थापन - फलेबाँस नगरपालिका
  - ✓ योजना, बातावरण र संकटासन्नता - निलकण्ठ नगरपालिका
  - ✓ सुशासन र सेवा प्रवाह - बाँणगंगा नगरपालिकालाई नगरपालिका
- नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको सघन क्षमता अभिबृद्धिकालागि नितीगत संवाद र प्रशिक्षण केन्द्रको अभाव भएकोले नेपाल नगरपालिका संघको नेतृत्वमा "शहरी निती तथा प्रशिक्षण प्रतिष्ठानको" स्थापना र संचालन गर्न विज्ञहरु मार्फत यथासिघ्र अवधारणा र सम्भावब्यता अध्ययन गर्ने निर्णय गरियो ।
- नेपाल नगरपालिका संघको भवन निर्माण गरि संघलाई स्थायीत्व दिन काठमाडौंमा उपयुक्त सार्वजनीक जग्गाको पहिचान गर्न शहरी विकास तथा भवन निर्माण विभाग एवं काठमाडौ उपत्यकाका महानगर र नगरपालिकासँग सहकार्य गरि सो प्राप्तीकालागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।
- नगरपालिकाहरुको भौतिक विकासका निमित्त आन्तरिक स्रोत परिचालन गर्न कर्मचारी संचय कोष र उद्योग बाणिज्य महासंघ सँग नगरपालिकाहरुले स्रोत परिचालन गरि अधिकाधिक लाभ लिन सहकार्य गर्न प्रोत्साहन गर्दै नेपाल नगरपालिका संघले आवस्यक सहजीकरण गर्ने निर्णय गरियो ।

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

- हाल नगरपालिकाहरुले प्रयोग गरेको Sub National Treasury Regulatory Application (SuTRA) सफ्टवेयरमा समस्या देखिने गरेको गुनासो नगरपालिकाहरुबाट बेला वखत आइरहेकोले संबन्धित मन्त्रालय र विज्ञहरुसँग परामर्श गरि समस्याको उचित निकाश दिन पहल गर्ने निर्णय गरियो ।
- कोभिड १९ महामारीको प्रत्यक्ष प्रभावमा नगरपालिकाहरुमा परेको र यसको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक व्यवस्थापन गर्न संघ र प्रदेश सरकारहरुसंग संविधानको मर्म अनुसार समन्वय, सहकार्य र साझेदारीका साथ अगाडी बढ्न संघ र प्रदेश तहलाई आग्रह गर्ने निर्णय गरियो ।
- आ. ब ०७६/७७ का लागि नेपाल सरकारबाट स्थानीय सरकारहरुका लागि प्राप्त सशर्त, समपुरक र बिषेश अनुदान अर्न्तगत धेरै जसो आयोजनाहरु कोभिड १९ महामारीबाट सृजीत लकडाउनको प्रत्यक्ष प्रभावका कारण निर्माण सम्पन्न हुन नसकेका आयोजनाहरुलाई सुचारु ग्र्न समयावधि थप गरिनुका साथै निकासा हुन बाँकि रकम तत्काल निकासाका लागि नेपाल सरकार समक्ष जोडदार माग गर्ने निर्णय गरियो ।
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ मा राष्ट्रिय समन्वय परिषद् र प्रदेश समन्वय परिषद्मा स्थानीय सरकारको प्रतिनिधित्वका लागि सम्माननीय प्रधानमन्त्री र माननीय मुख्यमन्त्रीले स्थानीय सरकारका संघ/महासंघको सिफारिसमा संस्थागत प्रतिनिधित्व गराउने कानुनी प्रबन्ध गर्न ऐन संशोधनकालागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।
- नगरपालिकाका भित्रका सडक बत्तिको शुल्कका सम्बन्धमा विद्युत प्राधिकरणले कातिपय नगरपालिकाहरुलाई सडक बत्तिबापत मात्र नभएर चुहावटको सम्पुर्ण रकम समावेश गरि भुक्तानीका लागि पत्र प्रेषित गरि ताकेता गरेको पाईएकाले दिगो समाधानका लागि विद्युत प्राधिकरणलाइ वार्ताका लागि अनुरोध गर्ने निर्णय गरियो ।
- निजामति सेवा ऐन २०४९ अन्तर्गत नियुक्त भई स्थानीय तहहरुमा समायोजन भएका कार्मचारीहरुलाई सेवा नियुक्तीका बखत गरिएको सम्झौता बमोजिम नै सरुवा तथा बढुवाको व्यवस्थापन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।
- नेपाल नगरपालिका संघका कार्यसमिति सदस्यहरु, महिला विभाग र कर्मचारीहरुको यस आ. ब. देखि आफ्नै स्रोतले दुर्घटना बिमा गर्ने र सम्पूर्ण नगरपालिकाहरुका जनप्रतिनिधिहरु र कर्मचारीहरुको स्वास्थ तथा सम्भावित दुर्घटना संवेदनशीलतालाई मध्यनजर गर्दै बिमा गर्न नगरपालिकाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।
- नेपाल सरकारले राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरुको मर्यादाक्रम निर्धारण गर्दा नगरपालिकाका उपप्रमुखहरुको मर्यादाक्रम सम्मानजनक नभएको पाइएकाले उक्त व्यवस्थालाई तत्काल सच्याउन नेपाल सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

.....................
अशोक ब्याञ्जु
अध्यक्ष